# ६. मरेकाहरुको पुनरुत्थान

## क. मुख्य पदहरु

यूहन्ना ५:१९-३०
१कोरिन्थी १५:१-५८
रोमी ६:१-१४
प्रकाश ११:१८
१थेस्स ४:१३ - ५:११

## ख. परिचय

"पुनरुत्थान" को अर्थ "उठाउनु" वा "उठ्नु" हुन्छ. क्रिया रुपमा यसको मतलब "उठन लगाउनु", उठाउनु, "निद्रा वा मृत्युबाट ब्युंताउनु" भन्ने हुनजान्छ. येशूको चेला भएकोले हामी एकक्षणको लागि, वा केही समयको लागि जिइरहेका छैनौ तर अनन्तको निम्ति जिएका छौं. हामी अनन्तका प्राणीहरु हौं : हाम्रो जीवन अनन्त छ. येशूको अघिल्लो भाग क्रूस हो भने पृष्ठभूमि अनन्त हो (हिब्रु १२:२) र हामीले येशूलाई पछ्याउनुपर्छ. जर्ज व्हिटफिल्डले भनेका थिए, *"म अनन्तसम्मका निम्ति काम गर्न चाहन्छु, प्रार्थना गर्न चाहन्छु र प्रचार गर्न चाहन्छु. म केवल परमेश्वरलाई चाहन्छु."*

## ग. बाइबलमा पुनरुत्थानका उदाहरणहरु

### १. पुरानो नियममा पुनरुत्थान

- जारेफाथको बिधवा (१राजा १७:१७-२४)
- सुनामीको छोरा (२राजा ४:३२-३५)
- एलिशाको चिहानको मानिस (२राजा १३:२१)

### २. नयाँ नियममा पुनरुत्थान

येशूले ब्युंताउनुभएको -

- याइरसको छोरी (मर्कूस ५:३५-४३)
- नाइनको बिधवाको छोरा (लूका ७:११-१७)
- लाजरस (यूहन्ना ११:१-४५)

पत्रसद्वारा - डोरकास (प्रेरित ९:३६-४२)

पावलद्वारा - युटिकस (प्ररित २०:९-१२)

यो शैक्षिक इकाइमा हामीले पुनरुत्थानको तीनवटा पक्षहरुमाथि विचार गर्नुपर्छ

- येशूको पुनरुत्थान (विगत या भूतकाल)
- ख्रीष्टका विश्वासीहरुको आत्मिक पुनरुत्थान (वर्तमान)
- चिहानमा सुतेका सबैको अन्तिम पुनरुत्थान (भविष्य)

## घ. येशू ख्रीष्टको पुनरुत्थान

(मत्ती २८:६; लूका २४:३६-५३; प्रेरित १:३).

येशूको पुनरुत्थानले के भन्छ ?

* सृष्टि भएका सबै कुराहरुमध्येमा येशू ख्रीष्ट सर्वोच्च हुनुहुन्छ (मत्ती २८:१८; एफिसी १:१७-२३).
* पछिको न्याय सुनिश्चित छ (प्रेरित १७:३१).
* येशू ख्रीष्ट परमेश्वरको पुत्र हुनुहुन्छ (रोमी १:४).
* विश्वासीहरु धर्मी ठहऱ्याइएका छन् (रोमी ४:२५).
* मृत्यु हारेको छ (रोमी ६:८-९).
* परमेश्वरको सिंहासनमा मुख्य पूजारी हुनुहुन्छ (हिब्रू १०:१२).
* जीवित आशामा एउटा जन्म भएको छ (१पत्रस १:३).

येशू ख्रीष्ट मुर्दाबाट ब्युंतनुभएको महिमित ज्ञान प्राप्त गर्नुमात्र यो शिक्षाको उद्देश्य होइन. यो तथ्यमाथि विश्वास नगरिकन त कुनै मानिस क्रिश्चियन पनि भनाउन मिल्दैन.

## ङ. येशू ख्रीष्टमा विश्वासीहरुको आत्मिक पुनरुत्थान

*(२कोरिन्थी ५:१४-१७; गलाती २:१९-२०; कलस्सी २:१२)*

*"तिमीहरु आफ्ना अपराध र पापहरुमा मरेको बेलामा उहाँले तिमीहरुलाई जीवित पार्नुभयो. यसकारण पापमा हामी मरेका भए तापनि उहाँले हामीलाई ख्रीष्टसँगै जीवित पार्नुभयो - अनुग्रहद्वारा नै तिमीहरुले उद्धार पाएका छौ. र उहाँसँग हामीलाई उठाउनुभयो, अनि स्वर्गीय स्थानहरुमा ख्रीष्ट येशूसँग बसाल्नुभयो."* (एफिसी २:१,५ र ६)

**१. चेलाको जीवनमा यो पुनरुत्थानका प्रमाणहरु के के हुन ?**

- एउटा नयाँ जीवनको प्रष्फुटन (रोमी ६:४).
- जीवनप्रति एउटा नयाँ दृष्टिकोण र त्यसै अनुसार जीवन सञ्चालन (रोमी ६:११)
- एउटा नयाँ स्वामीप्रतिको आज्ञापालन (२कोरिन्थी ५:१५)
- जीवनको एउटा नयाँ उद्देश्य ग्रहण (कलस्सी ३:१-४)

**२. भविष्यमा हुने पुनरुत्थानको खास समय कुनचाहिं हो ?**

- अन्तिम दिनमा (यूहन्ना ६:३९-५४)
- अन्तिम दिनको पुनरुत्थानमा (यूहन्ना ११ल२३-२४)
- उहाँको आगमनमा (१कोरिन्थी १५:२०-२३)
- तुरहीको अन्तिम फुकाइमा (१कोरिन्थी १५:५१-५२)
- प्रधान स्वर्गदूतको आवाज र परमेश्वरको तुरहीको सोरसित ठूलो गर्जनका साथ प्रभु स्वर्गबाट जब आउनुहुनेछ (१थेस्स ४:१६-१७)

**३. पुनरुत्थानबाट एउटा क्रिश्चियनको चाल-चलनमा के फरक पार्छ ?**

- आफ्नो मनखुशी गर्न पाईंदैन र त्यसरी पापगर्नबाट बचिन्छ (१कोरिन्थी १५:३२-३४).
- प्रभुको निम्ति स्थीरतापूर्वक परिश्रम गर्ने (१कोरिन्थी १५:५८).

**४. विश्वासीहरु फेरि उठनेछन**

- अनन्त जीवनमा (दानियल १२:२-३)
- ख्रीष्टको जस्तै महिमित शरीरका साथ (रोमी ६:५; फिलिप्पी ३:२०; २१; १यूहन्ना ३:२)
- परमेश्वरको इच्छा अनुसारको शरीर लिएर (१कोरिन्थी १५:३८)
- अविनाशी शरीरका साथ (१कोरिन्थी १५:४२)
- महिमामा जीवित भएको शरीरका साथ (१कोरिन्थी १५:४३ क)
- शक्तिशाली शरीरका साथ (१कोरिन्थी १५:४३ ख)
- आत्मिक शरीरका साथ (१कोरिन्थी १५:४४)
- ख्रीष्टसँग महिमित (कलस्सी ३:४; यूहन्ना १७:२४)
- पहिलो (प्रकाश २०:६)
- "मेरो लागि म तपाईंको मुहार धार्मिकतामा हेर्नेछु र म ब्युंझदा मैले आफूलाई तपाईंकै स्वरुपमा पाउंदा म सन्तुष्ट हुनेछु" (भजन १७:१५).

## च. चिहानमा सुतेका सबैको अन्तिम पुनरुत्थान (यूहन्ना ५:२८-२९)

**१. पुनरुत्थानको दिन इनामको दिन हो**

यी सत्यहरु आफैंमा प्रेरणात्मक र सान्त्वनादायक हुनुका साथै महान तथा अचम्मका छन तथापि यहाँ केही कुरा हराएको वा छोडिएको भाव अनुभव गर्न सकिन्छ. यो महान सत्यले हाम्रो जीवनको आधारस्तम्भलाई नै कसरी प्रभाव पार्दछ ? लूका १४:१२-१४ मा आफूले भोजको आयोजन गर्दा आफूलाई पनि त्यसैगरी बोलाउन सक्नेहरुलाई मात्र नबोलाउं तर लगाएको गुन फर्काउन नसक्ने गरीबहरुलाई पनि बोलाउन उहाँले प्रोत्साहित गर्नुभएको छ, "तर धर्मीहरुको पुनरुत्थान हुंदा तिमीले यसको प्रतिफल पाउनेछौ (लूका १४:१४). त्यसकारण पुनरुत्थानको दिन इनामको दिन पनि हो. ख्रीष्टको न्याय आशनका बारेमा सिकाउंदा उपरोक्त प्रसँगलाई पनि लिइनुपर्दछ (प्रकाश ११:१८; प्रकाश २१:११-१५).

**२. ख्रीष्टको न्यायासन**

यो शिक्षा दिनुपर्ने कारणहरु

- काम गर्नको निम्ति. किनभने प्रभुले मानिसहरुलाई तिनीहरुको चरित्र तथा व्यवहार अनुसारको इनाम दिनुहुनेछ (यर्मिया ३२:१९).
- आत्माको सामर्थ्यमा काम गर्न (यूहन्ना ६:६३). हामीले मृतकार्य नगरेर सबै कुराका निम्ति परमेश्वरमा विश्वास राख्दै सबै काम आत्माको सामर्थ्यमा गर्नुपर्छ.
- अरुको न्याय नगर्न (रोमी १४:१०-१३).
- परमेश्वरको भयमा रहेर काम गर्न (२कोरिन्थी ५:१०).
- हामीले सेवा गर्दा इमान्दारी साथ र सही मनोवृत्तिपूर्वक गर्ने (कलस्सी ३:२३).

**३. यो सिद्धान्तले केही गलत सिद्धान्तहरुलाई सही दिशा दिन्छ, उदाहरणका निम्ति -**

- "हामी बांचेका छौं र त्यसकारण स्वर्ग जान्छौं यत्ति थाहा पाए पुग्छ"
- (हामी आफ्ना कामद्वारा बचेका होइनौ तर जब हामी बच्छौं (अनुग्रहद्वारा) त्यसपछिका कामहरुको भने महत्व हुन्छ)
- "हामी सबै स्वर्गमा बराबरका हुनेछौं"

- (एक किसिमले ठीकै हो तर स्वर्गमा इनाम पाइने मात्र नभएर इनाम हराउने पनि हुन्छ)
- "आफूलाई मन लागेजस्तो जिउनुस यसमा तपाईं स्वतन्त्र हुनुहुन्छ."
- (अनुग्रह सित्तैंमा प्राप्त हुन्छ तर त्यति सस्तो चाहिं हुदैन.)

**४. यो शरीरमा गरिएका सबै कुराको लेखा हामीले दिनुपर्छ**

*क. यो व्यक्तिगत हो -*

यसको अर्थ हामी अरुलाई दोष दिन सक्दैनौ. सबै जिम्मेवारी हाम्रै हो त्यसकारण अरुलाई वा परिस्थितिलाई दोष दिएर हामी उम्कन सक्दैनौ.

*ख. न्यायाधीशरुपि ख्रीष्टको सामुन्ने -*

उहाँले प्रेम तथा पक्षपात विना न्याय गर्नुहुनेछ. उहाँको सम्झनामा कुनै खोट लगाउन सकिन्न. त्यसकारण हामीले अब सबै पाखण्डीपन र बहानालाई त्याग्नुपर्छ किनभने त्यतिबेला हाम्रो साम् नाङ्गो सत्य हुनेछ. अहिले नै हामीले शुरु गरिहाल्नुपर्छ. याद राख्नुहोस्, जब हामी परमेश्वरको सामून्ने इमान्दार हुदै आफ्ना पापहरु मान्छौं उहाँले हामीलाई क्षमा गर्नुहुनेछ.

*ग. हामीले शरीरबाट जे गरेका छौं -*

हाम्रो आंखालाई हामीले जे हेर्न दिएका छौं, कानले जे सुनेको छ, हाम्रो हृदय जे मा गएर अट्केको छ (जेलाई अत्यधिक प्रेम गरेका छौं), हाम्रो मनले जे मा विश्वास गरेको छ, जिब्रोले जे जस्तो बोलेको छ, हाम्रा हातले जे कुराहरु समाएका छन् गोडा जहाँ गएको छ र जेका निम्ति हामीले आफ्नो शरीर सुम्पेका छौं - सबैले लेखा दिनुपर्छ. यसको उल्टोमा हामीले आफ्नो योग्यता, पैसा र समयको सदुपयोग गरेका छौं भने त्यसै अनुसार हुन्छ.

*घ. रहस्योदघाटन (रोमी २:१६)*

हामीले गरेका कामहरुको मात्र रहस्योदघाटन हुने होइन तर ती काम गर्नाको उद्देश्य पनि प्रकट हुनेछ (१कोरिन्थी ४:५). परमेश्वरको दृष्टिमा जे ठीक छ हामीले त्यही गर्नुपर्ने खांचो छ (मत्ती ६:१).

**५. ख्रीष्टको न्यायासन**

जब म ख्रीष्टको न्यायाशनको सामून्ने हुन्छु
उहाँले मेरो निम्ति तयार पार्नुभएको योजना मलाई देखाउनुहुन्छ
मेरो जीवनको योजना जे जस्तो हुनुपर्थ्यो

यदि उहाँको कुराहरु मैले मानेको भए,
तर उहाँलाई यहाँ र त्यहाँ मैले बाधा पुऱ्याएं
मेरो इच्छा उहाँलाई नसुम्पिएर
उहाँको आंखा दु:खले रसाएका थिए
यद्यपि उहाँले मलाई अझै माया गर्नुहुन्छ.
उहाँ म समृद्ध भएको हेर्न चाहनुहुन्थ्यो
तर म गरीबिमै बांचिरहेको थिएं
सबै अनुग्रहबाट वञ्चित भएर
सम्झनाले मलाई लखेटे पनि
बितेका वर्षहरु फिर्ता नपाउने भएं
मेरो हृदय भांचिन्छ र पनि आंसु आउदैन
मेरो रित्तो हातले म मुख छोप्छु, र
खाली शिर झुकाउंछु.

प्रभु, बाँकी जीवन म तपाईंको हातमा सुम्पन्छु
मलाई लिनुहोस, तपाइलाई इच्छा लागेजस्तै
उदाहरणीय मलाई बनाउनुहोस्.

**६. इनामहरु (१कोरिन्थी ३:१०-१५)**

*"यदि कुनै मानिसले त्यस जगमाथि बनाएको काम रहिरह्यो भने उसले इनाम पाउनेछ."* (१कोरिन्थी ३:१४)

- धेरैलाई धार्मिकतामा डोऱ्याए बापत पाउने इनाम (दानियल १२:३).
- अनन्तसम्म रहने इनाम (मुकुट) (१कोरिन्थी ९:२४-२५).
- धार्मिकताको मुकुट (२ तिमोथी ४:७-८).
- जीवनको मुकुट (याकूब १:१२).
- महिमाको मुकुट (१पत्रस ५:१-४).

इनामहरु अन्तमा दिइन्छ त्यसकारण आफूसँग भएका कुराहरु मजबुतीकासाथ पक्रिराख्नुहोस् र यसरी कसैले तपाईंको मुकुट खोस्न सक्नेछैन (प्रकाश ३:११). हाम्रो प्राण, शरीर र आत्मा उहाँको नियन्त्रणमा हुन दिएर हाम्रो परमेश्वरसँगको सम्बन्ध ठीक हुनुपर्छ.

## छ. प्रश्नहरु र छलफलका बुँदाहरु

१. येशूको जीवनमा आफू अनन्तसम्म जिउनेछु भन्ने ज्ञानले उहाँलाई केही फरक पार्थ्योहोला र ?
२. के तपाईंको आफ्नै जीवनमा आत्मिक पुनरुत्थानको (कुनै) प्रमाण छ ?
३. ख्रीष्टको चेलाका रुपमा हाम्रो पुनरुत्थान भएर अनन्तसम्म रहनेछौं भन्ने जान्दा हाम्रो जीवनमा यसले केही भिन्नता ल्याउंछ कि ?
४. के हामी इनाम पाउने इच्छाले मात्र काम गर्ने हो त ?
५. के हामी येशूका चेलाहरुले पृथ्वीमा गरेका सबै कामहरुका निम्ति हामी जिम्मेवार हुनेछौं ? के यसले हामी कसरी जिउंछौं भन्ने कुरामा फरक पार्ला र ?
६. यदि न्यायको दिनमा हाम्रा काम र उद्देश्यहरु प्रकट हुन जादैछन भने किन अझपनि धेरै क्रिश्चियनहरु मकुण्डोधारी छन त ?
७. स्वर्गमा इनाम पाउनुहुने कुरामा के तपाईं विश्वास गर्नुहुन्छ ? र किन इनाम पाउनुहुनेछ भन्न सक्नुहुन्छ ?
८. मत्ती २४:३६-५१ अनुसार हामीले आफ्नो जीवन कसरी जिउनुपर्ने हो ?

## ज. सारांश र प्रयोग

१. येशूको पुनरुत्थानबाट मृत्यु हारेको र उहाँ नै प्रभु हुनुभएको प्रष्ट हुन्छ.
२. येशूको मृत्यु भएर परमेश्वरको साथमा अनन्तसम्म रहन उहाँको पुनरुत्थान भयो र येशूका चेलाहरु पनि सधैं उहाँसँग रहनेछन.
३. येशूको चेलाहरुको नयाँ मालिक अब ख्रीष्ट हुनुहुन्छ र उहाँमा तिनीहरुको नयाँ जीवन छ.
४. एउटा विश्वासीको आत्मिक पुनरुत्थानले हामीलाई पाप गर्नबाट बचाउन सक्नुपर्छ र यो प्रभु येशूको निम्ति परिश्रम गर्न लगाउने एउटा कारकतत्व हुनुपर्छ.
५. येशूका चेलाहरुका निम्ति पुनरुत्थानको दिन इनामको दिन पनि हो.
६. कामले हामीलाई बचाउँदैन तर जब हामी बचाइन्छौं परमेश्वरद्वारा शुरु गरिएको कामले स्वर्गमा इनाम प्राप्त गर्दछौं.
७. हाम्रो शरीरमा गुप्त रुपले गरेका कामहरु समेतका निम्ति न्यायाधीश येशू ख्रीष्टका सामून्ने हामी व्यक्तिगतरुपमा जिम्मेवार (उपस्थित हुनुपर्ने) छौं.